**भारतीय राजदूतावास**
**काठमाडौं**
*****

# प्रेस विज्ञप्ति

## भारत सरकारद्वारा सिकल सेल र थालेसिमिया खोप हस्तान्तरण गरी नेपाललाई स्वास्थ्य सेवा सहायता प्रदान

नेपालका जनताको स्वास्थ्य र कल्याणलाई सहायता प्रदान गर्ने आफ्नो निरन्तर प्रतिबद्धताको महत्व प्रस्तुत गर्दै नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले सिकल सेल रोग र थालेसिमिया विरुद्धको खोपको पहिलो खेप नेपाल सरकारका माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री प्रदीप पौडेललाई हस्तान्तरण गर्नुभयो ।

२. नेपाल सरकारको अनुरोधको प्रतिक्रियामा भारत सरकारले थालेसिमिया र सिकल सेल रोगका बिरामीहरूको व्यवस्थापनका लागि २० लाख डलर बराबरको औषधि तथा खोप प्रदान गर्दैछ । पहिलो खेपको खोप/औषधिमा इन्फ्लुएन्जा खोप (३१०० युनिट), साल्मोनेला खोप (१५५० युनिट), मेनिङ्गोकोक्कस खोप (३१०० युनिट), हाइमोफिलस इन्फ्लुएन्जा खोप (४६४० युनिट) र स्ट्रेप्टोकोक्कस निमोनिया खोप (४६४० युनिट) समावेश रहेका छन् ।

३. भारतबाट भएको यस अत्यावश्यक योगदानले यस्ता वंशाणुगत रक्त विकारहरू जसले प्रभावित व्यक्ति तथा परिवारका लागि उल्लेखनीय स्वास्थ्य चुनौतीहरू निम्त्याएका छन् त्यसलाई सम्बोधन गर्ने नेपालको प्रयासलाई बलियो बनाउन मद्दत गर्नेछ । यी खोपहरूको प्रावधानले दुई राष्ट्रहरूबीच विशेष गरी महत्त्वपूर्ण स्वास्थ्य सेवा क्षेत्रमा रहेको बलियो र दिगो साझेदारीलाई थप बढावा दिन्छ ।

४. हस्तान्तरण कार्यक्रममा बोल्दै राजदूतले यी खोपहरू नेपालमा सिकल सेल रोग र थालेसिमियाबाट प्रभावित व्यक्तिहरूको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेल्ने कुरा उल्लेख गर्नुभयो । वहाँले भारत र नेपालबीचको गहिरो मित्रतालाई प्रकाश पार्नुका साथै पारस्परिक हितका क्षेत्रहरूमा सहयोग प्रदान गर्ने भारतको तत्परतालाई समेत थप प्रकाश पार्नुभयो ।

५. नेपाल सरकारको तर्फबाट खोपहरू ग्रहण गर्दै माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीले यी खोपहरूले जनस्वास्थ्यमा पार्ने सकारात्मक प्रभावको वर्णन गर्दै भारतको उदार सहायताको लागि कृतज्ञता व्यक्त गर्नुभयो । वहाँले भारतसँगको लामो समयदेखिको सहकार्य र यसले नेपालको स्वास्थ्य सेवा प्रणालीमा गरेको योगदानलाई स्वीकार गर्नुभयो ।

६. यो पहल भारत र नेपालबीचको घनिष्ठ सम्बन्ध र सहयोगी भावनाको प्रमाण हो जसले उनीहरूका जनताहरूको स्वस्थ भविष्यको लागि रहेको साझा दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ । भारत सरकार पारस्परिक प्रगति र विकासलाई बढावा दिन स्वास्थ्य सहित विभिन्न क्षेत्रहरूमा नेपालसँग साझेदारी गर्न प्रतिबद्ध रहेको छ ।

काठमाडौं

२०८२ वैशाख १२